१. **नेपाल राष्ट्र बैंक नगद सम्बन्धी विनियमावली, २०६३ का केही विनियमहरुमा भएको व्यवस्था संशोधन गर्ने सम्बन्धमा ।**

बैंकिङ कार्यालय तथा मुद्रा व्यवस्थापन विभागबाट प्रस्तुत उपरोक्त प्रस्ताव उपर छलफल हुँदा नेपाल राष्ट्र बैंक नगद सम्बन्धी विनियमावली, २०६३ मा देहायबमोजिम संशोधन गर्ने निर्णय गरियो ।

## नेपाल राष्ट्र बैंक नगद सम्बन्धी विनियमावली, २०६३

नेपाल राष्ट्र बैंक ऐन, २०६३ को दफा ११० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी विनियमहरुको नाम **"नेपाल राष्ट्र बैंक नगद सम्बन्धी विनियमावली, २०६३ (प्रथम संशोधन २०७७)"** रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल विनियमावलीको विनियम ७ मा संशोधनः** मूल विनियमावलीको विनियम ७ को उप विनियम (१) र (२) को सट्टामा देहायको उप विनियम (१) र (२) राखिएको छ ।

"(१) सरकारी कार्यालय, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले दाखिला गर्न ल्याएको नोट कुनै कारणवस सोही दिनमा थान गिन्ती गरी बुझिलिन नभ्याइएमा त्यस्तो सरकारी कार्यालय, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको अनुरोधमा सो नोटको प्याकेट र बण्डल मात्र गिन्ती गरेर बुझिलिई सम्बन्धित सरकारी कार्यालय, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको खातामा जम्मा गर्न सकिने छ ।

(२) उप विनियम (१) बमोजिम बैंकले बुझिलिएको नोट राखिएको बाकसमा सम्बन्धित सरकारी कार्यालय, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको ताल्चा तथा सिलछाप लगाई ढुकुटीभित्र राखिने छ र बैंकले सुचना गरेको समयमा त्यस्तो कार्यालय, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाका कर्मचारीले उपस्थित भई सो नोटको थान गिन्ती गरी बैंकलाई बुझाउनु पर्नेछ ।

त्यस्तो नोटको प्याकेटमा पछि थान गिन्ती गर्दा नपुग हुन आएमा सोको सम्पूर्ण जिम्मेवारी दाखिला गर्न ल्याउने सरकारी कार्यालय, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको रहनेछ र त्यस्तो नपुग रकम जुन खातामा जम्मा गर्न ल्याइएको हो, सोही खातामा खर्च लेखी हिसाब मिलान गरिनेछ ।"

३. **मूल विनियमावलीको विनियम ९ मा संशोधनः** मूल विनियमावलीको विनियम ९ को,-

**(क) उप विनियम (१) को बुँदा (क) र (ख) को सट्टामा देहायको बुँदा (क) र (ख) राखिएको छ ।**

सञ्चालक समितिको सचिवालय

"(क) बैकिङ्ग कार्यालय तथा मुद्रा व्यवस्थापन विभागको मुल ढुकुटीमा कार्यकारी निर्देशकको दश प्रतिशत, निर्देशकको बिस प्रतिशत, उप-निर्देशकको तिस प्रतिशत र सहायक निर्देशकको चालिस प्रतिशत ।

(ख) मुद्रा व्यवस्थापन विभाग अन्तर्गतको नोटकोष ढुकुटी तथा एक्सचेन्ज ढुकुटीको हकमा कार्यकारी निर्देशकको दश प्रतिशत, निर्देशकको बिस प्रतिशत, उप-निर्देशकको तिस प्रतिशत र सहायक निर्देशकको चालिस प्रतिशत ।"

**(ख) उप विनियम (२) को सट्टामा देहायको उप विनियम (२) राखिएको छ ।**

"(२) उप विनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि लेबिल भएको र नोटको प्याकेट वा विल्ला भएको सिक्काको पोकामा थान गिन्ती नपुग भएमा नोटको प्याकेट रुजु गर्ने कर्मचारीको र सिक्काको हकमा गिन्ती र पोका बनाउने कर्मचारीको दायित्व र जिम्मेवारी हुनेछ भने लेबिल भएको नोटको बण्डलमा प्याकेट नपुग भएमा नपुग भएको प्याकेटको र लेबिल नभएको बण्डलमा प्याकेट वा थान गिन्ती नपुग भएमा सोको सम्पूर्ण दायित्व र जिम्मेवारी सम्बन्धित सहायक निर्देशकको मात्र हुनेछ ।"

**(ग) उप विनियम (८) को सट्टामा देहायको उप विनियम (८) राखिएको छ ।**

"(८) बैंकका सम्पूर्ण ढुकुटीहरु कम्तिमा महिनाको दुई पटक विभागीय/ महाशाखा / कार्यालय प्रमुखले सम्बन्धित विभाग / महाशाखा / कार्यालयको ढुकुटी आकस्मिक जाँच गरी नगद तथा वहुमूल्य धातुको मौज्दात ठीक दुरुस्त भए नभएको सबै यकिन गर्नुपर्नेछ र सोको निस्सा सम्वन्धित मौज्दात किताबमा गरी दिनुपर्नेछ ।"

४. **<u>मूल विनियमावलीको विनियम १० मा संशोधनः</u>** मूल विनियमावलीको विनियम १० को उप विनियम (३), (४) र (७) को सट्टामा देहायको उप विनियम (३), (४) र (७) राखिएको छ ।

"(३) उप विनियम (२) बमोजिम नोट गिन्ती गरी, रुजु गरी वा सर्टिङ गरी बनाइने प्याकेटमा थान गिन्ती र बण्डलमा प्याकेटको संख्या घटी भएको पाइएमा तथा सिक्का गिन्ती गरी बनाइने पोकामा थान गिन्ती घटी भएको पाइएमा विनियम ९ को उप विनियम (२) बमोजिम दायित्व र जिम्मेवारी हुने सम्बन्धित कर्मचारीलाई विनियम १२ तथा नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ बमोजिम कारवाही गरिनेछ ।

(४) दैनिक कारोबारको लागि ढुकुटीबाट झिकिने नगद वा नगद रहेको बाकस वा वहुमूल्य धातु सुरक्षित तवरले सहायक निर्देशक वा उप निर्देशकले आफ्नो जिम्मा लिई नगद दाखिला वा भुक्तानी काउन्टरमा कामकाज गर्न खटाइएका

कर्मचारीलाई आवश्यकता अनुसार जिम्मा दिनुपर्नेछ र सोको दर, थान वा तौल र शुद्धता एउटा छुट्टै पुस्तिकामा लेखी नगद वा बहुमूल्य धातुको निस्सा जिम्मा लिने कर्मचारीबाट लिनुपर्नेछ । कारोवारको बीचमा दाखिला वा भुक्तानी काउन्टरमा नगद वा बहुमूल्य धातु आवश्यक भई थप जिम्मा दिनु पर्दासमेत सोही पुस्तिकामा उपरोक्तानुसार जनाई निस्सा लिनुपर्नेछ । यसरी नगद र/वा बहुमूल्य धातु जिम्मा लिने कर्मचारीहरूले दैनिक नगद कारोवार पश्चात् हिसाव मिलाई आफ्नो जिम्माको नगद र/वा बहुमुल्य धातुको दर, थान वा तौल र शुद्धता खोली सहायक निर्देशक वा उप निर्देशकलाई बुझाउनु पर्नेछ र निजले पनि हिसाव मिलेको यकिन गरी बुझाउन ल्याएको नगद र/वा बहुमूल्य धातु बुझिलिई उक्त पुस्तिकामा दर, थान वा तौल र शुद्धता लेखी बुझेको निस्सा गरिदिनुपर्नेछ ।

(७) कार्यालयको कारोबारमा बढी हुन आएको रकमका सम्बन्धमा आवश्यक जाँचबुझ गरिने छ । जाँचबुझ पश्चात पनि त्यस्तो रकम उपर दावी लाग्ने व्यक्ति वा संस्थाका सम्बन्धमा यकीन गर्न नसकिएमा त्यस्तो रकमलाई "सण्ड्रि क्रेडिटर्स हिसाव" मा राखिने छ । पैंतिस दिनभित्र कुनै व्यक्ति वा संस्थाले सबूद प्रमाण सहित दावी गरेमा त्यस्तो दावी उपर आवश्यक जाँचबुझ गरी सही देखिन आएमा आर्थिक वर्षको अन्त्यसम्ममा त्यस्तो रकम भुक्तानी दिइनेछ । यस अनुसार दावी प्राप्त नभएमा वा प्राप्त दावी सही देखिन नआएमा सो रकमलाई दावी नभएको (अनक्लेम्ड) मानी विविध आम्दानी शीर्षक अन्तर्गत आम्दानी जनाइने छ ।"

५. **मूल विनियमावलीको विनियम १५ मा संशोधनः** मूल विनियमावलीको विनियम १५ को उप विनियम (१) को सट्टा देहायको उप विनियम (१) राखिएको छ ।

"(१) दुई वा दुई भन्दा बढी ढुकुटीको जिम्मेवारी बहन गर्नुपर्ने अधिकृत कर्मचारीहरुले ढुकुटी खोल्ने तथा बन्द गर्ने कार्यका लागि एक जना सहायक स्तरको कर्मचारी प्रतिनिधिको रुपमा राख्न सक्नेछन् । प्रतिनिधिको रुपमा कार्य गर्न खटाइएको कर्मचारीले नियम विपरीत कार्य गरेको पाइएमा नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली बमोजिम कारवाही गरिनेछ । तर ढुकुटीको जिम्मेवारीको हकमा भने विनियम ९ बमोजिम नै हुनेछ ।"

६. **मूल विनियमावलीको विनियम १६ मा संशोधनः** मूल विनियमावलीको विनियम १६ को सट्टामा देहायको विनियम १६ राखिएको छ ।

"१६. **चलनचल्तीयोग्य नभएका नोट तथा सिक्काको शोधभर्नाः** बैंकको प्रचलित भेरिफिकेशनको मापदण्डभित्र नपरेका चलनचल्तीमा ल्याइएका नयाँ नोट तथा सिक्काको प्याकेट, बण्डल वा पोकाबाट चलनचल्तीका निम्ति योग्य नभएका नोट वा सिक्का पाइएमा त्यस्ता नोट वा सिक्काको शोधभर्ना बैंकले आपूर्तिकर्ता कम्पनी/संस्थासँग तोकिए बमोजिम संख्यामा प्राप्त भएका

केन्द्रीय कार्यालय
संचालक समितिको सचिवालय

प्रतिस्थापन (Replacement) नोटबाट गर्नु पर्नेछ ।

साथै, तोकिएबमोजिम संख्यामा प्राप्त भएका प्रतिस्थापन (Replacement) नोटले पनि नपुग भएमा पुनः शोधभर्नाको लागि नोट छपाई वा सिक्का टकमरी गर्ने सम्बन्धित कम्पनीमा पठाउनु पर्नेछ । चलनचल्तीका लागि योग्य नभएका नोटलाई नियमानुसारको प्रक्रिया पुरा गरी जलान गनुपर्नेछ ।"

७. **मूल विनियमावलीको विनियम, उप विनियम र बुँदाहरूमा संशोधनः** मूल विनियमावलीको विनियम, उप विनियम र बुँदाहरूमा "सहायक व्यवस्थापक/सहायक निर्देशक (नगद)" भन्ने बाक्यांशको सट्टामा "सम्बन्धित फाँटको जिम्मेवारी तोकिएको सहायक निर्देशक" भन्ने बाक्यांश राखिएको छ ।

८. **मूल विनियमावलीको विनियम, उप विनियम र बुँदाहरूमा संशोधनः** मूल विनियमावलीको विनियम, उप विनियम र बुँदाहरूमा "उप-निर्देशक (नगद)" भन्ने बाक्यांशको सट्टामा "सम्बन्धित फाँटको जिम्मेवारी तोकिएको उप निर्देशक" भन्ने बाक्यांश राखिएको छ ।